**जोखिम कम गर्ने उपायहरू:**

- सिरिन्ज/सुई साटासाट नगर्ने ।
- सुरक्षित यौन सम्बन्धको लागि कण्डम प्रयोग गर्ने ।
- एच.आई.भी. र हेपाटाइटिसको नियमित परीक्षण गर्ने ।
- उपचार, सहायता (Treatment, Support) सेवामा पहुँच राख्ने ।
- समुदायमा आधारित क्षति न्यूनीकरण (Harm Reduction) कार्यक्रममा सहभागी हुने ।






परामर्श तथा उपचारका लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र
टेकु, काठमाडौं

# लागु औषध प्रयोग / एच.आई. भी. को जोखिम

एच.आई.भी. (HIV- Human Immunodeficiency Virus) एक किसिमको भाइरस हो जसले हाम्रो शरीरको रोग प्रतिरोधात्मक क्षमता कम गर्छ । यदि उपचार नगरेको खण्डमा एड्समा परिणत हुन सक्छ ।

## लागु औषध प्रयोगकर्ताहरूमा एच.आई.भी. को जोखिम:

लागु औषधको प्रयोग गर्ने व्यक्तिहरूमा एच.आई.भी. संक्रमणको जोखिम उच्च हुन्छ । यसका मुख्य कारणहरू:

### १. साझा सुई/सिरिंज प्रयोग

यदि प्रयोगकर्ताहरूले सुई वा सिरिंज साटासाट साझा गर्छन् भने रगत मार्फत भाइरस सजिलै सर्छ ।

### २. असुरक्षित यौन सम्बन्ध

लागु औषधको प्रभावमा व्यक्तिहरू प्रायः कण्डम बिना यौन सम्बन्ध राख्छन्, जसले एच.आई.भी. र अन्य यौनरोग सर्ने जोखिम बढाउँछ ।

### ३. हानीकारक सुइ अभ्यास (Harmful Injection Practices)

एउटै सुई धेरै पटक पुनः प्रयोग गर्दा संक्रमित पानी/सामग्री प्रयोग गर्दा एच.आई.भी./विभिन्न रोगहरूको जोखिम बढ्न सक्छ ।

### ४. प्रतिरोधात्मक क्षमता कम

लगातार लागुऔषध प्रयोगले शरीरको प्रतिरोधात्मक क्षमता कम गर्छ, जसले संक्रमण सजिलै फैलिन सक्छ ।